# Sakela Uvauli 2022 bulletin

Kiranti Khambu Rai Sanskritik Sansthan, Central Committee, Darjeeling.
URL: www.kkrss.org EMAIL: kkrss92@gmail.com

Date: May 21, 2022





## From the President

It gives me extreme pleasure to be working with such a wonderful and well synchronized team. Time and again the team has overcome odds that seemed insurmountable.

We started with a zero balance in the treasury but worked on. With much gratitude to our Ad hoc Committee's Gen. Sec. Sri. Bikash C. Rai we worked on a loan forwarded by him and then continued with a minus balance. But undeterred when the full fledged Committee formed we continued with the minus balance. With them we had the *Sakela* (Udhauli) at Tiger Hill and the *Yelembar Neri/Yeli Dong* at Jogi Ghat and now we have just completed the *Sakela* (ubhauli) at the *Dara MangKhim* and Chowrasta to name the outdoor activities. The refurbishment of the office itself also deserves mention as it is a part of our current 1. Gen. Sec. Sri Udhyan Rai and the Darjeeling Mahukuma 2. President Sri. Kishore Rai and 3. Gen. Sec. another Sri Kishore Rai and our Legal Advisor 4. Sri. Pranoy Rai's initiative to work on despite the minus balance.

Keeping in mind the outdoor activities it must be clearly written and shown that by "our team" it is not meant only the office bearers but each and every Khambu that participated in these ventures. Not only those that were up on the dais or the stage executing their duties but those that were away from the public eye and the fun and glamour of the festivities dedicating your efforts to the cause whether it be in the catering and fooding sector or the making of the infrastructures and even the clearing of the area after the show. There are those who were nowhere near ground zero but the small contributions you all offered through your *Sakhas* and your silent prayers all culminated in the success.



Not to say that everything done has been flawless and perfect. Active people are more prone to mistakes than a person who is less active. My only earnest plea to those that do detect oversights on our part to come forward and put your grievances to us directly so that we may take appropriate measures in our future ventures.

Before concluding, a special mention must be made to the Treasurer, Sri. Anup Rai and our Finance Committee Coordinator, Sri. Gazendra Rai, who have diligently kept track of every financial transaction from day one. Just as we have been able to show our accounts as early as possible in our previous ventures, with their effort we are ready to submit our financial statement for the *Sakela* 5073 (YS).

Thanking every *Khumbu* and looking forward to your continued support, good will and prayers for the future.

Pratap Singh Rai
President, Central Committee, KKRSS.



सेवान्ने 🙏,

हामी सबै संस्थानका सम्पुर्ण सदस्यहरूको साझा प्रयासले चौरास्तामा सम्पन्न भएको यसपालीको साकेला उभौली २०२२ भव्य रुपमा सफल भएको घोषणा गर्दछौं। तपाईहरु सबैको सहयोग र संलग्नताले गर्दा नै यो सम्भव भएको थियो।

यसपालीको साकेला उभौली उत्सवको तयारी एक महिना अगाडी देखि नै शुरु गरिएको थियो, बिषेश गरि नगरपालिकाको स्वीकृति, भानु भवनको स्वीकृति, ट्राफिक पुलिश र सदर पुलिशको साथै एस डी ओ को स्वीकृति धेरै अघि बाटनै प्राप्त गरेको थियौ। उत्सवको लागी हामीले जम्मा १३ वटा समुहहरु बनाएको थियौं, बिभिन्न समुहको आ-आफनै कामहरु जिम्मा दिएको थियो। यस उत्सवको लागि १०० भन्दा बढी हाम्रा खम्बु स्वयं सेवकहरु खटिएका थिए।



शून्य बजेट देखि शुरु भएको हाम्रो कार्यक्रम, उत्सव शुरु हुदाँ सम्म तपाईहरु सबैको सहयोगले हामीलाई यस उभौली महउत्सव मनाउनको निम्ति हामीलाई चाहिएको सहयोग राशी प्राप्त गर्न सफल भएको थियो, जसको विवरण तल उल्लेख गरिएको छ। तपाईहरु सबैको यस प्रकारको सहयोग र समलग्नताले हामी सबै कार्यकर्ताहरुलाई उर्जाको रुपमा काम गर्दा रहेछ|

हामीले सोचे अनुसार कार्यक्रम सुचारु रुपमा चलेको थियो, तर पनि दुइ दिन अघाडी भानु भवनको स्वीकृति रद्ध हुदाँ हामी बिचलितमा परेको थियौ र



ब्यस्थापनमा केहि फरक पर्न गएको थियो। सबैको लागी खाना पकाउने र खुवाउने ठाँउ भानु भवनमा बन्दोबस्त गरेको थियौ तर त्यहाँ सरकारी कार्यक्रम हुन आएकोले एक महिना अघाडी हामीले स्वीकृति लिए पनि हामीलाई हटाइएको थियो। यसै अनुरुप, अन्तिम क्षणमा सुश्री सुरेखा राईको सहयोगमा हामीलाई उहाँकै नगरपालिका ३० वार्डको भानु भवन देखि केहि तल कर्णेल मिल्ला सामुदायिक भवन उपलब्ध गराउनु भएर हामी सबैलाई उत्साह प्रदान गर्दै साथ साथै कार्यक्रमलाई सुचारु अघि बढाउनु सफल भएको थियौं।

हामीले हाम्रो वेभसाइट www.kkrss.org स्थापित गरि प्रयोगमा पनि ल्याई सकेका छौ। यसमा सम्पूर्ण विवरण तथा हाम्रा गतिविधिहरू प्रदर्शित हुनेछन्|

यस उभौली पुजामा सहभागीहरु सबैलाई हामीले हार्दीक धन्यबाद दिदछौं, जो हाम्रो अध्यक्ष महोदयले विस्तृत रुपमा उद्धृत गर्नु भएको छ, साथ साथै हामीले धेरै सदस्यहरुलाई निमन्त्रणा दिन भुल्न गएको पनि पायौ तसर्थ, हामी उहाँहरु सबैलाई तह हिर्दय बाट क्षमा याचनाको अपेक्षा राख्दछौं। हामीले यस साकेला उभौली उत्सव बाट धेरै नयाँ कुराहरु सिकने मौका पायौ, हामी बाट भुलहरु पनि भए, भविश्यमा अवश्य सुधार्नेछौं।



आउने दिनहरुमा के. के. आर. एस. एस, केन्द्रिय समितिले गर्नु पर्ने धेरै ठोस कामहरु छन। ति मध्ये पहाडमा प्राथमिक शिक्षामा बान्तावा भाषालाई कार्यान्वयन गराउनु, हाम्रो साकेला अथवा नयाँ बर्ष येलेदोङलाई सरकारी मान्यताको साथ सरकारी बिदा, पहाडमा खम्बु राई सम्पदा स्थलको घोषणा, इत्यादि। जसलाई हामीले सरकार सगं पत्रचार, ज्ञापनपत्र पेश गरि सकेका छौं। परेको खण्डमा हामी हमेशा कोलकत्ता र दिल्ली जान तयार छौं।

हाम्रा आगामी कार्यक्रमहरु यस्ता छन - जुन महिनामा वृक्ष-बिरुवा रोपण, अगस्त-सेप्टेम्बरमा खम्बु सँस्कृति सम्बन्धि गोष्टी, अक्टोबरमा धनुकाँड प्रतियोगिता, डिसेम्बरमा साकेला उधौली अनि १५ जनवरीमा नयाँबर्ष येलेदोङ्।

आगामी दिनहरुमा हजुरहरुसँग तय कार्यक्रमहरु लिएर भविष्यमा पनि सहभागिताको अपेक्षा गर्दै फेरि भेट्ने वाचा को साथ उपस्थित हुने नै छौ।

आलाङने 🙏

उद्यान राई
महा सचिव, केन्द्रीय समिति, के. के. आर. एस. एस.



**साकेलाबारे भौतिकवादी दृष्टिकोण**
**प्रकाश राई, नवसमब्वय, अङ्क – २ बाट**

किरात राईहरुको मौलिक सभ्यता, भाषा र सँस्कृतिहरु छन। मौलिक सभ्यतासँग जोडिएका चाडपर्वहरु छन। ती चाडपर्वहरु मध्ये एउटा महत्वपूर्ण चाड हो - साकेला। बहुभाषी किरात राईहरुमा यसलाई समुदायपिच्छे फरक फरक



नामले पुकारिन्छ। बान्तावा राईहरुले यसलाई साकेन्वा, साकेवा, चाम्लिङ्हरुले साकेला, थुलुङ्हरुले तोषी, कोयुहरुले साकेल, खालिङ्हरुले वास, कोइचहरुले (सुनुवार, मुखिया) ले ष्याँदर आदि भन्छन। यो चाडले किरात राईहरुको आदिम सभ्यता देखिको जीवनलाई चित्रित गर्दछ। त्यसैले यसको गहिरो समाजशास्त्रीय, मानवशास्त्रीय महत्व छ।

बर्षको दुईपटक साकेला चाड मनाउनुको निश्चित बैज्ञानिक आधार छ। यो मुलत: भुमि पूजासँग सम्बन्धित छ। बैशाखमा जब बालीनाली लगाइन्छ, गर्मी मौसम शुरु हुन्छ, ऋतु परिवर्तन हुन्छ, मानिसहरु चिसो लेकतिर लाग्छन, माछाहरु पनि लेकतिर लाग्छन - यो उभौली हो। मानिसहरु आफुले लगाएका बालीनालीहरु राम्रो फलोस, किरा फट्याङ्ग्राले नाश नगरोस भनी प्रार्थना गर्छन् र प्रकृतिको पूजा गर्छन्। जब लगाएका बालीनाली पाक्छ, चिसो लाग्न थालछ, लेकतिर बाट मानिस, माछा तल (वेसी) तिर झर्छन। यही समयलाई उधौली मान्ने चलन छ। बालीनाली राम्ररी फले, पाकेको उपलक्ष्यमा प्रकृतिलाई धन्यवाद दिदै शुरु हुन्छ उधौली साकेला नाच।





## साकेलाको अर्थ

साकेलाको अर्थका बारेमा खोजअनुसन्धानकर्ताहरुले विभिन्न बिचारहरु ब्यक्त गरेका छन। कतिपयले यसको अर्थ 'सहकाल' अर्थात अन्नपानी भनेका छन भने कतिपयले चाँही यसको अर्थ शिला भनेका छन। हो, यस् बिषयमा खोजअनुसन्धान गरिरहनुभएका प्रध्यापक चतुर्भक्त राईका अनुसार साकेला भन्नाले सिमित अर्थमा भुमि वा आराध्यदेव मानिएको शिला वा ढुङ्गाको पूजा हो। डा स्वामी प्रपन्नचार्यका अनुसार सहकाल शब्दको उच्चारण ब्रिगन्दै गएर साकेला भएको हो।

विभिन्न अध्येता र खोजकर्ताहरुले अथ्याए अनुसार र साकेला मान्ने परम्परालाई हेर्ने हो भने साकेलाको अर्थ शिला वा शिलापुजा भन्ने नै हुन्छ। किनकि साकेला अहिलेसम्म शिला पूजामा आधारित छ। यही साकेलालाई हिन्दूक्रित गरी 'चण्डिपुर्णे' पनि भनिन्छ।



## साकेला र सिली

सिलीको अर्थ नित्यको शैली हो। यो विशेषत: परम्परागत किरात सस्कार संस्कृतिसँग जोडिएको नित्यकला सँग सम्बद्ध एक बिद्या हो। यो साकेला नाजको नियम र सिलसिलाबद्ध शैली हो। यो मुलभुत रुपमा एकै प्रकारको भए पनि स्थान, समुहपिच्छे फरक फरक हुन्छ। यो विशेष सन्केतात्मक र भावार्थमुलक हुन्छ। सिली आदिम समाजको मानव तथा जनावरहरुको कृयाकलापहरुको नक्कलमा आधारित हुन्छ। यसलाई विभिन्न खोजअनुसन्धानकर्ताहरुले आआफ्नो ढङ्गले बर्गिकरण गरेका छन।

विविधभाषी राईहरुका सिलीका अनेक नाम, प्रकार र संख्या छ। साकेला सिलीले मानव सभ्यताको एतिहासिकतालाई झल्काउछ। मानवसभ्यता विभिन्नचराण हुँदै आजको अवस्थामा आईपुगेको हो। मानवसभ्यताको युगपरिवर्तनको प्रकृयालाई सिलीमा विभिन्न हाउभाउ (नाच) को मध्यामबाट देखाइन्छ।



## साकेला मनाउने विधि

उभौली, उधौली साकेला मनाउँदा परम्परागत भेषभुषा पहिरेका नाक्छोङ द्वारा पहिले चुला पुजिन्छ। त्यसपछि सार्वजनिक स्थानमा स्थापना गरिएको साकेला थानमा गई मुन्धुम अनुसार पूजाअर्चना गरिन्छ। उभौली गर्दा वैशाखे पुर्णिमाको दिनदेखि १५ दिन औसी तिथिसम्म र उधौली गर्दा मसिरे पुर्णिमादेखि विभिन्न सिलीमा साकेला नित्य, ढोल, झ्यामटा सिलिङ आदि लिई हर्षोल्लासका साथ सबै उमेरका किरात राईहरु एक साथ नित्यको भावहरु सिली माङ्पा तथा सिली माङमा अनुसार ब्रिताकार बनाई प्रस्तुत गरिन्छ।

### भौतिकवादी दृष्टीकोणमा साकेला

साकेलाको उदगमस्थालका बारेमा विभिन्न प्रकारका मिथकहरु प्रचलित छन। मुलत: यसको



उत्पत्तीका बारेमा पाइने मिथकहरु तायामा, खियामा, हेत्छाकुप्पा, नागेलम सँग सम्बद्ध छन। ती मिथकहरुसँग जोडिएका कतिपय तथ्यहरु सुरक्षित रहेका भए पनि भौतिकवादी दृष्टिकोणबाट यसको अध्ययन कम भइरहेको छ। कला सामाजिक जीवनको एउटा प्रतिबिम्ब हो। मानिसका कला, संकृतिहरुलाई त्यस समाजको उत्पादनप्रणाली सँग जोडेर हेर्नुपर्छ। कुनै जातिको कला र त्यसको अर्थतन्त्रबीच सधैंभरि घनिष्ठ हेतुक सम्बन्ध रहेको हुन्छ।

साकेला, साकेला सिलीलाई यो दृष्टिबिन्दुबाट हेर्दा कृषि युगवरिपरिको उपज हो। जुन बेला मानवसभ्यता कृषि युगमा प्रवेश गर्‍यो, त्यसबेला भुमिको महत्व बढ्यो। त्यसै क्रममा प्रकृति पूजाको थालनी भएको हुनुपर्दछ। अर्कोतिर, प्राकृतिक परिवर्तनहरुबारेको अज्ञानताका कारणले प्रकृति पूजा शुरु भएको हुन सक्छ। किरात राईहरु प्राचीन जाति भएको र प्रकृतिपुजक भएकाले उनिहरुको महान चाड साकेलाको उत्पत्ती र बिकास पनि यसैको सेरोफेरोमा भएको हुनुपर्दछ।

सिलीले मानिसहरुको आर्थिक, सामाजिक, सस्कृतिक कृयाकलापसँग मात्र सिधा सम्बन्धराख्दैन, यसले किरात राईहरुको सभ्यताका बिकासक्रमलाई पनि प्रस्ट रुपमा जल्काउँछ। हाम्रा अािदम सिलीहरुले हाम्रो अािदम समाजलाई प्रतिबिम्बित गर्दछन।

प्लेखानोभका बेनामी पत्रहरुमा यस् कुराहरुलाई थप प्रस्ट पार्दै उदाहरण दिईएको छ। आदिम जङ्गली मानिसका नित्यहरुले अक्सर गरेर जनावरहरुको चालढालको पुनरुत्पादन गर्छ, कारण के हो त? कारण शिकारमा तागतको प्रयोग गर्दा पाएको आनन्दको पुन: अनुभव गर्ने ईच्छाबाहेक अर्को होइन। इस्किमोले सिल माछालाई पछ्याउने ढङ्ग हेर्नुहोस् त उ पेट्ले घिस्रेर त्यसतिर जान्छ, उसले सिलले गरेजस्तै आफ्नो टाउको थामेर राख्न खोज्छ, उसले त्यसका सबै चालढालको नक्कल गर्छ र त्यस्तै थाहा नपाउने गरी उसले आखिर हान्ने निर्णय गर्छ।

यसै सिलसिलामा उनी भन्छन - खेल कामको सन्तान हो र काम समयको दृष्टिले खेलभन्दा पहिले आएको हो। आदिम जातिका धेरै नित्यहरु निश्चित उत्पादन्-कृयाहरुको सचेत अनुकरण बाहेक केही होइन। तसर्थ त्यस्ता अनुक्रित चित्रणहरुको मामिलामा काम आवश्यकिय रुपले नित्य भन्दा पहिले आउँछ।



यही प्रकाशमा साकेला सिलीलाई हेर्ने हो भने यो आदिम समाजको सामाजिक, आर्थिक कृयाकलापसँग सम्बन्धित भएको पाउँछौ। आजसम्म आइपुग्दा मानिसहरुका कृयाकलापहरु परिवर्तनसँगै साकेला सिलीहरु पनि परिवर्तन हुँदै आएका छन।।



**Collections of Fund for Sakela Uvauli 2022 held at Chowrasta on May 7, 2022**

| S.No | Name of Sakha | Amount | S.No | Name of Individual | Amount |
|---|---|---|---|---|---|
| 1 | Simkuna 3rd Mile | 1,000 | 1 | John Rai | 30,000 |
| 2 | Dabaipani Subhan Dh | 2,500 | 2 | Susri Surekha | 10,000 |
| 3 | Som 1st Div | 2,500 | 3 | Sri Bharat Prakash | 5,000 |
| 4 | Dabaipani Yanklhu | 1,300 | 4 | Sri M. C. Rai | 2,000 |
| 5 | Rangbull | 1,500 | 5 | Sri. L. B. Rai | 6,000 |
| 6 | Pamdam | 3,000 | 6 | Dr. C. K. Rai | 2,111 |
| 7 | Upp Ging | 1,500 | 7 | Sri Alok K Thulung | 5,000 |
| 8 | Alubari Sk | 1,100 | 8 | Sri Vivek Rai | 1,000 |
| 9 | Ragaroon | 1,100 | 9 | Dr. Sujata Rani | 11,111 |
| 10 | Ward No. 26 Eden | 2,100 | 10 | Sri. Ajit Rai | 4,000 |
| 11 | Mirik Mahukuma | 5,000 | 11 | Sri Anant Rai | 2,000 |
| 12 | Mirik Nigale | 1,600 | 12 | Sri Pradeep Khambu | 800 |
| 13 | Munda Kothi GP | 5,000 | 13 | Sri. C. D. Bantawa | 2,000 |
| 14 | Lower Sonada 2 GP | 5,000 | 14 | Sri. Hemu Rai | 1,200 |
| 15 | Lo & Up Sonada | 5,000 | 15 | Sri. Gazendra Rai | 5,000 |
| 16 | Rangbhang GP | 1,600 | 16 | Sri. Bharat Rai | 1,000 |
| 17 | Barboty | 2,500 | 17 | Sri. Uttam Rai | 1,000 |
| 18 | Dali | 3,000 | 18 | Sri. Shankarmani | 2,000 |
| 19 | Batasia | 3,000 | 19 | Smt. Januki Rai | 300 |
| 20 | Ward No 18 | 10,000 | 20 | Mrs Suja Rai | 1,000 |
| 21 | Toong Soong | 14,362 | 21 | Sri. Jyoti Thulung | 1,500 |
| 22 | Sri Khola, Dara gaon | 1,000 | 22 | Sri. Dhurba Rai | 500 |
| 23 | Lamahatta Kpg Rd | 4,000 | 23 | Sri. Suman Rai | 500 |
| 24 | Rampuria | 1,200 | 24 | Sri. M. S. Rai | 2,500 |
| 25 | Upp, Singtom | 2,000 | 25 | Col. J. D Rai | 1000 |
| 26 | Low. Singtom | 4,000 | 26 | Sri Dilu Rai | 5000 |
| 27 | Lingia | 2,100 | 27 | Mrs Ranjana&Indira | 3,000 |
| 28 | Ghoom | 2,500 | | | |
| 29 | Kurseong Mahaku | 8,580 | | | |
| 30 | Takdha Manedara | 4,602 | | | |
| 31 | Harsing | 5,000 | | | |
| 32 | Gorabari Mag's Hope | 4,000 | | | |
| 33 | Dabaipni BhotiaBusty | 1,000 | | | |
| 34 | Rungneet | 1,500 | | | |
| 35 | Siliguri Mahukuma | 9,500 | | | |
| 36 | Happy Valley | 3,600 | | | |
| 37 | Rajbari Kakjhora | 7,800 | | | |
| 38 | Rishihat Blomfield | 4,500 | | | |
| 39 | Pokhriabung GP 1&II | 3,504 | | | |
| 40 | Peshok | 3,000 | | | |
| 41 | Badamtam | 3,000 | | | |
| 42 | Dabaipani Balbir Dhura | 1,000 | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 43 | Sumbung | 2,000 | | | |
| 44 | Goke | 4,000 | | | |
| 45 | Naya Nore | 2,000 | | | |
| 46 | Kaijale GP | 2,000 | | | |
| 47 | Goke I GP | 4,000 | | | |
| 48 | Pulbazar Gp | 3,100 | | | |
| 49 | Dabaipani Bhutia Busty | 1,000 | | | |
| 50 | Rangli | 2,111 | | | |
| 51 | Rajbari Kakjhora | 1,300 | | | |
| 52 | Tukvar Ist Div | 4,560 | | | |
| 53 | Jorbunglow Sakha | 2,000 | | | |
| 54 | Tamsang Sakha | 1,000 | | | |
| | **Total** | **1,80,119** | | **Total** | **1,06,522** |
| | | **Grand Total:** | | **2,86,641** | |

***If any name, individual or sakha or mahukuma, has been omitted please contact Sri. Anup Rai, Treasurer***

## Goods received from the Members

| S.No | Name | Particulars | Qty |
|---|---|---|---|
| 1 | Shri C. R. Rai | Potatos 2 bags | 104kg |
| 2 | Shri Pranay Rai | Rice 6 bags | 300kg |
| 3 | Shri Jyoti Thulung | potato 1 bag | 50kg |
| 4 | Shri Arun Rai | Tomato 1 caret | 25kg |

**INCOME & EXPENDITURE OF UVAULI PUJA 07/05/2022:**

| S.No | Receipts | Amount | S.No | Payments | Amount |
|---|---|---|---|---|---|
| 1 | Donation From Members | 286641 | 1 | Printing & Stationary | 10860 |
| 2 | Donation From Non Members | 165000 | 2 | Stage Decoration/ Sound | 186100 |
| 3 | Collation from Stall | 1200 | 3 | Food Expenses/ Gas/ Rent for hall | 108455 |
| 4 | Sale of Badges & P.I | 13000 | 4 | Puja Expenses | 11739 |
| | | | 5 | Transportation | 7800 |
| | | | 6 | Travelling & Conveneance Mangma /Mangpa | 22500 |
| | | | 7 | Food to Helpers, Volunteers | 15010 |
| | | | 8 | Misc/ Expenses - Media (DPG) | 500 |
| | | | 9 | Badges , Flags, Byaktibung | 20700 |
| | **Total:** | **465841** | | **Total:** | **383664** |

**BALANCE** **82177**

**BILL DETAILS:**

| S.No | Particulars | Bill No. | Amount |
|---|---|---|---|
| 1 | PRINTING & STATIONARY | 1 | 10860 |
| 2 | STAGE DECORETION/ SOUND | 1/2/3/4/5/6/7 | 186100 |
| 3 | FOOD EXPENSES/ GAS/Rent for hall | 1/2/3/4/5/6 | 108455 |
| 4 | PUJA EXPENSES | 1 | 11739 |
| 5 | TRANSPORTION | 1/2/3 | 7800 |
| 6 | Travelling & Conveneance Mangma /Mangpa | 1/2/3 | 22500 |
| 7 | FOOD TO HELPPERS & VOLENTEER | 1/2/3/4/5 | 15010 |
| 8 | MISC, EXPENSES | 1 | 500 |
| 9 | Badges, flags, Byaktibung | 1/2/3 | 20700 |
| | | **Total:** | **383664** |

PRESIDENT TREASURER SECRETARY